कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

जिल्ला वन पैदावार आपूर्ति समिति, मोरङ

गोलिया काठ ढुवानी तथा चिरान गर्न वोलपत्र पेश गर्ने बारेको सूचना ।

सूचना प्रकाशित मितिः २०८३/०७/१९

प्रस्तुत विषयमा जिल्ला वन पैदावार आपूर्ति समिति मोरङको आ.व. २०८३/०८४ को स्वीकृत कार्ययोजना, कोशी प्रदेश वन नियमावली २०८० तथा जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि, २०६३ अनुसार चालु आ.व.मा सर्वसाधारण जनतालाई यस समितिबाट वितरण हुने विभिन्न प्रयोजनको लागि मोरङ जिल्ला भित्रका विभिन्न घाटगद्दीमा रहेका गोलिया काठ ढुवानी, चिरान, चिरानबाट उत्पादित वस्तु डिपो सम्म ढुवानी गरी पाइलिङ्ग गर्ने कार्यको लागि प्रचलित कानून अनुसार दर्ता भई डिभिजन वन कार्यालयमा सूचीकृत भएका **विराटनगर महानगरपालिका भित्रका सःमिलहरुले** तल उल्लेखित शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. तोकिएको घाटगद्दीबाट गोलिया काठ ढुवानी गरी ल्याई आफ्नो सःमिलमा काठ चिरान गरी उत्पादित चिरान काठ, स्ट्रीप, वाकल, अन्साईज र भूस समेतको चिरान उत्पादनहरु लोड गरी आपूर्ति समितिको डिपो सव-डिभिजन वन कार्यालय, विराटनगर कम्पाउन्ड सम्म ढुवानी गराइ अनलोडिङ र पाइलिङ समेत गर्ने कार्यको लागि प्रति क्यू.फि.को अधिक्तम दर निम्न अनुसार रहेको छ ।

सि. न.	विवरण	अनुमानित चिरान हुने गोलिया काठ परिमाण (क्यू.फिट)	प्रति क्यू. फिट दर (रु)	कैफियत
१	गोलिया काठ घाटगद्दी देखि मिल सम्म सिपमेन्ट, काठ चिरान, चिरान, अन्साइज तथा वाकल र भुष डिपो सम्म ढुवानी गरी पाइलिङ्ग/थाक मिलाएर राख्ने काम	२५,२००.००	३४९/-	

नोटः *चिरान गरी विक्री कार्य क्रमागत रुपमा लट बनाई हुने हुँदा उपरोक्त परिमाणमा घटी समेत हुन सक्नेछ । घटी हुँदा सोही अनुसार भुक्तानी गरिनेछ ।*

२. बोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः
   क. बोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८३।०८।०९ कार्यालय समयभित्र
   ख. बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समयः २०८३।०८।१० गते कार्यालय समयभित्र
   ग. बोलपत्र खोल्ने अन्तिम मिति र समयः २०८३/०८/११ गते विहान ११:०० बजे
   घ. बोलपत्र दाखिला गर्ने कार्यालयः जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यालय, मोरङ ।
३. वोलपत्र खरिद गर्न ईच्छूक सःमिलको प्रोप्राइटरले आफ्नो सःमिलको इजाजत पत्रको नवीकरणको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि, मू.अ.कर दर्ताको प्रतिलिपि, डि.व.का.मा सूचीकृत प्रमाणपत्र प्रतिलिपि, बोलपत्र माग निवेदन बोलपत्र फारम दस्तुर रु ३,०००/- पछि फिर्ता नहुने गरी दाखिला गरेपछि बोलपत्र फारम प्राप्त गर्न सकिनेछ ।(फारम दस्तुर दाखिला- डिभिजन वन कार्यालय मोरङ, कार्यालय कोड ३२९०११३०११, राजश्व शीर्षक नं १४२२९- अन्य प्रशासनिक सेवा शुल्क शीर्षकमा गर्नु पर्नेछ ।)
४. बोलपत्र जमानत रकम रु ३,५०,०००/- प्रदेश लेखा नियन्त्रक कार्यालय, मोरङको राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, प्र.ले.ई.का.विराटनगर खाता नं. २१२०१००२०२०३०००, कार्यालय कोड ३२९०११३०११ जम्मा गरी सो को सक्कल भौचर वा कम्तीमा १२० दिनसम्मको रितपूर्वकको क वर्गको बैंकको बैक ग्यारेन्टी वा बैंक ड्राफ्ट शिलबन्दी गरिएको खाम भित्र समाबेश हुनु पर्नेछ । धरौटी रकम अनिवार्य रुपमा प्रतिष्पर्धा गर्ने फर्मको नामबाट दाखिला भएको हुनुपर्नेछ, व्यक्तिको नाममा दाखिला भएको भौचर मान्य हुने छैन ।

५. सःमिल रहेको स्थान आफ्नो नाममा दर्ता भएमा सोको लालपूर्जा एवं भाडामा भएमा सम्झौताको प्रतिलिपि पेश गर्नुपर्नेछ । काठको सुरक्षाको लागि उक्त जग्गा कम्पाउन्ड र तारवार वा सुरक्षित भएको हुनु पर्नेछ ।

६. गोलिया काठ घाटगद्दी गर्ने ठाउँ पानी नजम्ने सुख्खा स्थान हुनु पर्नेछ ।

७. गोलिया काठ अनलोडिङ्ग, चिरान पूर्व पाइलिङ्ग, गोलिया स्टकिङ्ग, चिरान पछि चिरान, वाकल, अन्साईज, स्ट्रिप, भूस लगायतको बस्तु राख्न **चिरान गर्ने मेसिन रहेको मिल घर बाहेक कम्तिमा ८ कठ्ठा जग्गा** भएको हुनु पर्नेछ । साथै चिरान भईरहेको र स्टक रहेको काठको प्रत्यक्ष निगरानीको लागि **CC Camera** को व्यवस्था भएको हुनु पर्ने छ ।

८. रितपुर्वक पर्न आएका बोलपत्रहरु समितिले सूचना जारी गरी तोकिएको प्रतिनिधि र उपस्थित बोलपत्रदाताको रोहवरमा खोलिनेछ । बोलपत्रदाता उपस्थिति नभए तापनि दाखिला भएको बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।

९. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

१०. चिरान गरिएको काठ मिलमा रहेसम्मको अवधिमा घामपानीबाट जोगिने गरी छहारीमा राख्ने व्यवस्था मिलाइ सःमिल धनीको जिम्मामा रहने र सो को कुनै किसिमले हानि नोक्सानी भएमा त्यसको क्षतिपूर्ति सम्बन्धित सःमिलबाटै असुल उपर गरिनेछ ।

११. गोलिया काठ चिरानी अगाडी सकारकर्ता स.मिलले स्टक प्रमाणित गराई राख्नु पर्नेछ । यस समितिको काठ चिरान हुने अवधिमा अन्य गोलिया काठ चिरान गर्न पाइने छैन । मिलमा रहेको यस समितिको लटको सम्पूर्ण काठहरु चिरान भई समितिको काठ डिपोमा अनलोड, पाईलिङ्ग भएपछि मात्र आफ्नो काम सूचारु गर्न पाइनेछ ।

१२. काठ चिरान गर्न दक्ष जनशक्ति भएको हुनु पर्नेछ ।

१३. प्राप्त हुन आएका बोलपत्रहरु स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस आपूर्ति समितिमा निहित रहनेछ ।

१४. लोडसेडिङ भएको अवस्थामा पनि बैकल्पिक उर्जा (जेनेरेटर) को व्यवस्था भएको हुनु पर्नेछ वा राख्नु पर्नेछ ।

१५. माथि उल्लेखित शर्तहरु पालना गरेको नपाइएमा राखिएको धरौटी रकम जफत गरी सोही दररेटमा वा सो पछिको न्यूनतम दर पेश गर्ने अर्को सः मिल सँग यस समितिले सम्झौता गरी कार्य सन्चालन गरिनेछ ।

१६. शिलवन्दी बोलपत्रमा भाग लिन इच्छूक सःमिलले डिभिजन वन कार्यालयमा सूचीकृत भएको तथा टाँचा दर्ता र नवीकरण गरेको हुनुपर्नेछ ।

१७. बोलपत्र पेश गर्ने सःमिल वन ऐन तथा नियमावलीको कसुरमा कारवाही नभएको हुनु पर्नेछ ।

१८. बोलपत्रदाताले बोलपत्र खरिद गर्न स्वयं आफै उपस्थित हुनु पर्नेछ । आफु उपस्थित हुन नसकेमा कानून बमोजिमको वारेशनामा लिइ पठाउनु पर्नेछ ।

१९. एक सःमिलको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को सःमिलको नाममा दाखिला गर्न पाइने छैन ।

२०. प्रचलित कानून अनुसार ठेक्का वापत तिर्नु पर्ने कर तथा अन्य दस्तुर सःमिलले नै तिर्नु पर्नेछ र चिरान कार्य सम्पन्न भए पछि प्राविधिक प्रतिवेदनको आधारमा कर विजक पेश भए पछि कानूनले तिर्नु बुझाउनु पर्ने रकम कट्टी गरी विल रकम भुक्तानी हुनेछ ।

२१. म्याद नाघी आएको र रित नपुगेको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

२२. यसमा उल्लेख भएका सर्तहरु यसैबमोजिम तथा अन्य विषय प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ। थप जनकारीको लागि यस समितिको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।